नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय**
तानसेन, पाल्पा
/फ्याक्स : ०७५-५२०१०६
e-mail : palpa@dolma.gov.np

प.सं. २०७७/०७८ च.नं. ३९६२

मिति: २०७७/१२/२७

**विषय: भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी सूचना टाँस गरिदिने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय, पाल्पा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, पाल्पा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाल्पा ।
श्री गाउँ/नगर कार्यपालिकाको कार्यालय, पाल्पा (सबै) ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७७/१२/२७ गतेको भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी सूचना पाना - ३ (तीन) यसै पत्रसाथ संलग्न रहेको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटी तथा वेवसाइटमा प्रकाशित गरी सोको जानकारी उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

२०७७/१२/२७

(दुर्गा प्रसाद खनाल)
मालपोत अधिकृत

मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
तानसेन, पाल्पा
☎/फ्याक्स : ०७५–५२०१०६
e-mail : palpa@dolma.gov.np

प.सं. २०७७/०७८ च.नं.

मिति: २०७७/१२/२७

## भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी सूचना ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग, काठमाण्डौंबाट मिति २०७७ माघ १४ गते कान्तिपूर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ लागू गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली, २०३६ को नियम २३ (क) र २३ (ख) बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पूरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय तहले अनुमति लिनको लागि मिति २०७७/१२/२७ देखि २०७८/०१/२६ गतेसम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसँग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भू-सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपशिल अनुसार हुनेछ ।

**क) भू-सेवा केन्द्र सञ्चालन गर्ने व्यक्तिको हकमा**

१. नेपाली नागरिक,
२. अठार वर्ष पूरा भएको,
३. कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको,
४. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको,
५. सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको र
६. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

**ख) भू-सेवा सञ्चालन गर्ने रजिष्टर्ड संस्थाको हकमा**

१. प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,
२. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार बर्ष उमेर पूरा भएको,
३. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको,
४. प्रचलित कानुन बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,
५. कर चुक्ताको प्रमाणपत्र र
६. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।

**ग) भू-सेवा सञ्चालन गर्ने स्थानीय तहको हकमा**

१. सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको ।

मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय**
तानसेन, पाल्पा
☎/फ्याक्स : ०७५–५२०१०६
e-mail : palpa@dolma.gov.np

प.सं. २०७७/०७८ च.नं.

**घ) भू-सेवा केन्द्र सञ्चालन गर्ने कानुन व्यावसायी वा लेखापढी व्यावसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा**

१. कानुन व्यावसायी वा लेखापढी व्यावसायीको प्रमाणपत्र भएको,
२. नेपाली नागरिक,
३. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको,
४. कर चुक्ताको प्रमाणपत्र भएको र
५. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।

**ङ) भू-सेवा केन्द्र सञ्चालन गर्ने साधारण प्रयोगकर्ताको हकमा**

१. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको,
२. आफ्नो नाममा भएका जग्गाका कित्ता विवरण भू-सूचना प्रणालीमा अध्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता स्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्नेछ ।

**दफा ७ बमोजिम भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार :-**

१. कम्प्युटर
२. प्रिण्टर
३. पावर ब्याकअप सिस्टम
४. स्क्यानर
५. भू-सूचना प्रणालीसँग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस (Finger Print Device), वेव क्यामरा तथा दस्तखत मेशिन,
६. कम्तीमा २/२ Mbps को Dedicated Internet Connectivity भएको ।

**अनुमति पत्रको दस्तुर, धरौटी अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था :-**

१. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट खोल्नका लागि यस मालपोत कार्यालय तानसेन, पाल्पामा पाँच सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।
२. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट नवीकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वत: निस्कृय हुनेछ ।
३. भू-सेवा केन्द्र सम्बन्धी अनुमति पत्र लिन देहाय बमोजिम दस्तुर लाग्ने छ :
    अ) व्यक्तिको हकमा ३,०००।- (तीन हजार रुपैयाँ मात्र)
    आ) संस्थाको हकमा ५,०००।- (पाँच हजार रुपैयाँ मात्र)

उक्त दस्तुर महालेखा नियन्त्रक कार्यालयको राजश्व खाता नम्बर १०००२०००१००००, राजश्व शिर्षक नम्बर १४२२९, कार्यालय कोड ३३६०१५००२, राष्ट्रिय वाणिज्य बैंक लि. पाल्पा शाखामा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# मालपोत कार्यालय
तानसेन, पाल्पा
☏/फ्याक्स : ०७५–५२०१०६
e-mail : palpa@dolma.gov.np

प.सं. २०७७/०७८ च.नं.

४. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले राष्ट्रिय वाणिज्य बैंक, तानसेन पाल्पामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, पाल्पाको धरौटी खाता नं. ३०३०१००१०२०३०००० मा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्नेछ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

अ) व्यक्तिको हकमा ५०,०००।- (पचास हजार रुपैयाँ मात्र)

आ) संस्थाको हकमा २,००,०००।- (दुई लाख रुपैयाँ मात्र)

५. स्थानीय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन तर प्रत्येक आ.व. मा सञ्चालन अनुमति नवीकरण गराउनु पर्नेछ ।

६. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ । तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असार मसान्तसम्म हुनेछ ।

- बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष जस्ता संस्थाहरुको धितोबन्धक/रोक्का र फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाईन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकतानुसार वा आफ्ना शाखा कार्यालयहरुलाई युजर वितरण गर्न सक्नेछ ।
- यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम हुनेछ ।

२०७७/१२/२८

(दुर्गा प्रसाद खनाल)
मालपोत अधिकृत

मालपोत अधिकृत